**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति**

---

## मानवअधिकार उच्चायुक्तद्वारा आदिवासीको अधिकारसम्बन्धी घोषणापत्र पारित भएकोमा स्वागत

**२०६४ भदौ २७**

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले महासभाद्वारा आदिवासीहरूको अधिकारसम्बन्धी घोषणापत्र आज पारित गरिएकोमा त्यसलाई "न्याय तथा मानव प्रतिष्ठाको विजय" भन्दै स्वागत गर्नुभएको छ।

"यो आउन लामो समय लाग्यो", उहाँले भन्नुभयो, "तर आदिवासी तथा अन्तर्राष्ट्रिय समुदायमा रहेका तिनका मित्र तथा समर्थकहरूको कठिन परिश्रम र दृढताले अन्ततः आदिवासीको अधिकारसम्बन्धी आजसम्मको सर्वाधिक बृहत् सो वक्तव्यमा फल दिएको छ।"

विश्वभरका आदिवासीहरूको सहभागितामा संयुक्त राष्ट्रसङ्घमा सदस्य राष्ट्रहरूबीच दुई दशकभन्दा लामो छलफलपछि न्युयोर्कमा आज अपराह्न पारित घोषणापत्रले व्यक्तिगत तथा सामूहिक दुवै अधिकार; साँस्कृतिक अधिकार तथा पहिचान; शिक्षा, स्वास्थ्य, रोजगारी, भाषा तथा अन्य अधिकारहरूलाई सम्बोधन गर्दछ। यसले आदिवासीहरूविरुद्धको भेदभावलाई गैरकानुनी घोषित गर्दछ र उनीहरूसँग सम्बन्धित सबै विषयमा उनीहरूको पूर्ण तथा प्रभावकारी सहभागितालाई प्रवर्द्धन गर्दछ। यसले पृथक् रहन पाउने तथा आर्थिक, सामाजिक र साँस्कृतिक विकाससम्बन्धी आफ्नै दृष्टिकोण राख्न पाउने उनीहरूको अधिकारलाई पनि सुनिश्चित गर्दछ। घोषणापत्रले राज्यहरू र आदिवासीहरूबीचको सौहार्दपूर्ण तथा सहयोगी सम्बन्धलाई स्पष्टसँग प्रोत्साहन गर्दछ।

उच्चायुक्तले विश्वका ३७ करोड आदिवासीका जल्दाबल्दा सरोकारहरूलाई सम्बोधन गर्ने नवीकृत अन्तर्राष्ट्रिय प्रयासहरूलाई घोषणापत्रले ऊर्जा प्रदान गर्नेछ भन्नुभयो।

"यो ऐतिहासिक दिनलाई सम्भव बनाउने सबैलाई म सर्वाधिक न्यानो बधाई दिन्छु, उहाँले भन्नुभयो। "घोषणापत्र पारित हुनु साँच्चै न्याय र मानव प्रतिष्ठाको विजय हो।"

---

For further information, contact Marty Logan at mlogan@ohchr.org,
Tel: (+977-1) 428 0164, ext 321 or (+977) 98510 16922 (mobile)